**आकाशवाणी समाचार- नेपाली**

मितिः २ मई २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले आज भिन्न भिन्न कार्यक्रम बीच केरलको तिरुवनन्तपुरमस्थित देशकै पहिलो अर्ध स्वचालित विझिन्जम अन्तर्राष्ट्रिय बन्दरगाह उद्घाटन तथा आन्ध्र प्रदेशको अमरावतीमा 58 हज़ार करोड़भन्दा अधिकलागतका विभिन्न विकास परियोजनाको उद्धाटन, शिलान्यास र राष्ट्रलाई समर्पित गर्नुहुनेछ।

२. केन्द्रीय वित्त मन्त्री निर्मला सीतारमणले अप्रिलमा रेकर्ड वस्तु तथा सेवा कर (जीएसटी) संकलन भारतीय अर्थव्यवस्थाको मजबूती र प्रभावकारी सहकारी संघीय प्रणालीको प्रतिबिम्ब भएको बताउनु भएको छ।

३. सर्वोच्च न्यायालयले डॉक्टरहरुलाई कुनै पनि कम्पनी विशेषको औषधि नलेख्न र बिरामीका लागि जेनेरिक औषधि मात्र सिफारिस गर्न आदेश दिएको छ।

४. नेपालमा सरकारले आन्दोलनरत शिक्षकसँग नौबुँदे सहमति गरेपछि सरकारी विद्यालयका शिक्षकहरुको २८ दिनदेखिको आन्दोलन अन्त्य भएको छ।

५. आईपीएल क्रिकेटमा गएराती भएको खेलमा मुम्बई इन्डियन्सले राजस्थान रोयल्सलाई १०० रनले पराजित गरेको छ।

**<u>प्रधानमंत्री केरल</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज केरलको तिरुवनन्तपुरमस्थित देशकै पहिलो अर्ध स्वचालित विझिन्जम अन्तर्राष्ट्रिय बन्दरगाहको उद्घाटन गर्नुहुनेछ। यसै क्रममा प्रधानमन्त्रीले बन्दरगाहको सञ्चालन भवनको अवलोकन गर्नुका साथै नियन्त्रण प्रणालीको अवलोकन गर्नुहुनेछ ।विझिन्जम बन्दरगाहको पहिलो चरणको निर्माण डिसेम्बर, २०२४ मा सम्पन्न भएको थियो। विझिन्जम बन्दरगाह केरलाको एक महत्त्वपूर्ण परियोजना हो भने लगभग तीन दशकदेखि यसको प्रतिक्षा गरिएको थियो। समारोहमा केरलाका राज्यपाल राजेन्द्र अर्लेकर, मुख्यमन्त्री पिनाराई विजयन, बन्दरगाह, पोत परिवाहन तथा जलमार्ग मन्त्री सर्वानन्द सोनोवाल, राज्यमन्त्रीहरू र अन्य विशिष्ट व्यक्तिहरू उपस्थित हुनेछन्।

**<u>प्रधानमंत्री - आंध्र प्रदेश दौरा</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज आन्ध्र प्रदेशको अमरावतीमा 58 हज़ार करोड़भन्दा अधिकलागतका विभिन्न विकास परियोजनाको उद्घाटन, शिलान्यास र राष्ट्रलाई समर्पित गर्नुहुनेछ। देशभरि विश्वस्तरीय पूर्वाधार र संपर्क सुनिश्चित गर्ने आफ्नो प्रतिबद्धताअनुरूप प्रधानमन्त्रीले आन्ध्र प्रदेशमा सात वटा राष्ट्रिय राजमार्ग परियोजनाको उद्घाटन गर्नुहुनेछ।
यसै क्रम श्री मोदीले ६ वटा राष्ट्रिय राजमार्ग परियोजना र एउटा रेल परियोजनाको पनि शिलान्यास गर्नुहुनेछ भने विधानसभा, उच्च न्यायालय, सचिवालय, प्रशासनिक भवन र ५,२०० भन्दा अधिक परिवारका लागि आवासीय भवनहरू सहित धेरै पूर्वाधार परियोजनाहरूको शिलान्यास गर्नुहुनेछ। यसको लागत ११ हजार २सय ४० करोडभन्दा अधिक छ। यसैगरी प्रधानमन्त्री मोदीले आन्ध्र प्रदेशको नागायलंकामा लगभग एक हजार चार सौ 60 करोडको लागतमा निर्माण हुने मिसाइल परीक्षण रेन्जको पनि शिलान्यास गर्नुहुनेछ। यसमा प्रक्षेपण केन्द्रहरू, प्राविधिक उपकरण सुविधाहरू, स्वदेशी राडारहरू, टेलिमेट्री र इलेक्ट्रो-अप्टिकल प्रणालीहरू समावेश हुनेछन् जसले देशको रक्षा तयारीलाई बलियो बनाउनेछ। यसका साथै प्रधानमन्त्री मोदीले विशाखापट्टनमको

मधुरवाडामा पीएम एकता मलको पनि शिलान्यास गर्नुहुनेछ । राष्ट्रिय एकतालाई बढावा दिने, मेक इन इन्डिया पहललाई समर्थन गर्ने, एक जिल्ला एक उत्पादनलाई बढावा दिने, रोजगारीका अवसरहरू सिर्जना गर्ने, ग्रामीण कारीगरहरूको सशक्तीकरण गर्ने र स्वदेशी उत्पादनहरूलाई व्यापक बजार प्रदान गर्ने उद्देश्यका साथ यो मल तयार गरिएको हो।

**सीतारमण - जीएसटी**

केन्द्रीय वित्त मन्त्री निर्मला सीतारमणले अप्रिलमा रेकर्ड वस्तु तथा सेवा कर (जीएसटी) संकलन भारतीय अर्थव्यवस्थाको मजबूती र प्रभावकारी सहकारी संघीय प्रणालीको प्रतिबिम्ब भएको बताउनु भएको छ। अप्रैलमा सकल जीएसटी संग्रह दो लाख 36 हजार करोड़ रह्यो।जो अप्रिल २०२४ मा दुई लाख दश हजार करोडको कुल संकलनभन्दा 12 दशमलव छह प्रतिशतले अधिक हो । अप्रैल 2025मा शुद्ध जीएसटी संग्रह दो लाख नौ हजार करोड़ पुगेको छ, जो अप्रैल 2024 को एक लाख बानवे हजार करोड़ रुपियालाई शुद्ध संग्रहको तुलना नौ दशमलव एक प्रतिशत अधिक हो। एक सोशल मीडिया पोस्टमा, वित्त मन्त्रीले करदाताहरूप्रति कृतज्ञता व्यक्त गर्दै जीएसटीमा उनीहरूको योगदान र विश्वासले देशको प्रगतिलाई गति दिने बताउनुभयो। उहाँले अझै भन्नुभयो उनीहरूको योगदानले विकसित भारत निर्माणको प्रतिबद्धतालाई अझ बढाउँछ। यसका साथै वित्त मन्त्रीले सबै राज्यका वित्त मन्त्रीहरू र राज्य जीएसटी अधिकारीहरूको समर्पित प्रयासको पनि सराहना गर्नुभयो।

**वेव्स शिखर सम्मेलन**

मुम्बईस्थित जियो वर्ल्ड कन्भेन्सन सेन्टरमा वेभ्स समिटको एक भागको रूपमा आज भारतले पहिलो ग्लोबल मिडिया डायलगको आयोजना गर्दैछ। विश्वव्यापी मिडिया र मनोरन्जन दृश्यसँग भारतको संलग्नताको सन्दर्भमा यो एक धेरै महत्त्वपूर्ण आयोजन हो। यसअघि प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो सम्मेलनको उद्घाटन गर्नुभएको थियो।सूचना तथा प्रसारण मन्त्रालयले विदेश मन्त्रालयसँगको सहकार्यमा ग्लोबल मिडिया डायलग आयोजना गर्न लागेको हो । सम्मेलनमा एसिया, युरोप, अफ्रिका र संयुक्त राज्य अमेरिकाका प्रतिनिधिमण्डलसहित ६० भन्दा अधिक राष्ट्रको सहभागिता रहने अपेक्षा गरिएको छ । संवादको उद्देश्य अन्तर्राष्ट्रिय सहयोग लाई प्रोत्साहन दिनु, सर्वोत्तम अभ्यासहरूको प्रबद्र्धन गर्नु र नीतिगत अभिसरणको उपयोग गर्ने तरिकाहरूको खोजी गर्नु, प्रतिभालाई काम गर्ने अवसरहरू र वैश्विक मीडिया क्षेत्रमा क्षमता निर्माण गर्नु हो।

**सर्वोच्च न्यायालय-जेनेरिक दवाई**

सर्वोच्च न्यायालयले डॉक्टरहरुलाई कुनै पनि कम्पनी विशेषको औषधि नलेख्न र बिरामीका लागि जेनेरिक औषधि मात्र सिफारिस गर्न आदेश दिएको छ । राजस्थान उच्च न्यायालयले यसअघि नै यो आदेश दिइसकेको छ । औषधि कम्पनीहरूको मनमानी सग सम्बधित दायर गरिएको याचिकामाथि सुनुवाइ गर्दै सर्वोच्च अदालतले यस्तो फैसला गरेको हो भने , 'यदि देशभर फैसलाको पालना गरियो भने यसले उल्लेखनीय सुधार ल्याउन सक्ने न्यायालयले जनाएको छ । न्यायाधीशहरु सन्दिप मेहता, विक्रम नाथ र संजय करोलको तीन सदस्यीय बेन्चले उक्त आदेश दिएको हो । सर्वोच्च अदालतले भनेको छ कि यसले डाक्टरहरूलाई औषधि बेच्ने कम्पनीहरूद्वारा कथित घूसखोरीको मुद्दाको समाधान गर्नेछ। आदेशमा भनिएको छ, 'चिकित्सकले बिरामीका लागि जेनेरिक औषधि लेख्नुपर्छ । डाक्टरहरूले बिरामीलाई कुनै पनि कम्पनी विशेषको औषधि सिफारिस गर्न सक्दैनन्।

**बिरला-समिति**

लोकसभा अध्यक्ष ओम बिरलाले भाजपा सांसद संजय जयसवाललाई 2025-26 का लागी प्राक्कलन समितिको अध्यक्षको रुपमा नियुक्त गर्नुभयो। यसका साथमा उहाँले ३० सदस्यीय समिति गठन गर्नुभयो जसको कार्यकाल आगामी बर्ष ३० अप्रिलमा सकिँनेछ । समितिमा भाजपाका सांसद पीपी चौधरी र राजीव प्रताप रुडी, कांग्रेसका दीपेन्द्रसिंह हुड्डा र कुमारी शैलजा, समाजवादी पार्टीका अवधेश प्रसाद, तृणमूल काङ्ग्रेसका कल्याण बनर्जी, डीएमकेका दयानिधि मारन र शिव सेना उद्धव बालासाहेब ठाकरेका अरविन्द सावन्त सामेल छन् ।

**नेपाल- स्कूल**

नेपालमा सरकारले आन्दोलनरत शिक्षकसँग नौबुँदे सहमति गरेपछि सरकारी विद्यालयका शिक्षकहरुको २८ दिनदेखिको

आन्दोलन अन्त्य भएको छ। सरकारी विद्यालयका सबै शैक्षिक सत्र आजदेखि शुरु हुने भएका छन्। सरकार र शिक्षक संघबीच भएको सहमतिपछि शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तले सबै शिक्षक र विद्यालयका कर्मचारीलाई काठमाडौँको सिभिल अस्पतालमा उपचार छुट दिने बताउनु भएको छ। यसका साथमा आन्दोलनका क्रममा घाइते भएका शिक्षक, सुरक्षाकर्मी, कर्मचारी र पत्रकारको निःशुल्क उपचार गरिने भएको छ।

**<u>निर्वाचन आयोग - पहल</u>**

निर्वाचन आयोगले मतदाता नामावलीको सटीकतामा सुधार गर्न र मतदान प्रक्रियालाई थप सुविधाजनक बनाउने उद्देश्यले नयाँ उपायहरू ल्याएको छ। आयोगले अब मृत्यु पंजीकरण संबंधी तथ्यांक भारतको महापंजीयक (रजिष्ट्रार जनरल) बाट इलेक्ट्रोनिक माध्यमबाट प्राप्त गर्नेछ। यसले मतदाता पञ्जीकरण अधिकारीहरूले दर्ता गरिएको मृत्युको बारेमा समयमै जानकारी प्राप्त गर्न सुनिश्चित गर्दछ।

**<u>आईपीएल क्रिकेट</u>**

आईपीएल क्रिकेटमा गएराती भएको खेलमा मुम्बई इन्डियन्सले राजस्थान रोयल्सलाई १०० रनले पराजित गरेको छ। मुम्बईले दिएको २सय १८ रनको लक्ष्य पछ्याएको राजस्थान १ सय १७ रनमा अलआउट भयो। राजस्थानका लागि जोफ्रा आर्चरले सर्वाधिक ३० रन बनाए। बलिङतर्फ मुम्बईका ट्रेन्ट बोल्ट र कर्ण शर्माले समान ३–३ विकेट लिए। यसअघि राजस्थानले टस जितेर मुम्बईलाई ब्याटिङको निम्तो दिए पछी मुम्बईले निर्धारित २० ओभरमा दुई विकेट गुमाएर २१७ रन बनायो। मुम्बईका लागि रायन रिकलटनले सर्वाधिक ६१ रन बनाए। उनी प्लेयर अफ द म्याच घोषित भए।

****** ० ******